# अगुवा (लिड) विद्यालय व्यवस्थापन निर्देशिका, २०८०

प्रस्तावनाः

विद्यालयको शैक्षिक एवम् भौतिक पूर्वाधारहरुको समुचित व्यवस्थापन र शुसासनका पक्षहरुलाई प्रभावकारी कार्यान्वयन गरी शैक्षिक गुणस्तर सहित नविनतम् अभ्यासहरु प्रवर्द्धन गर्न सक्ने नेतृत्वदायी विद्यालयको विकासका लागि विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्न आवश्यक भएकोले गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ (संशोधन सहित) अनुसुची २, विषय क्र स १० को उपखण्ड ४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो निर्देशिकाको नाम "अगुवा (लिड) विद्यालय व्यवस्थापन निर्देशिका, २०८०" रहेको छ।

१.२ यो निर्देशिका स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

१.३ यो निर्देशिका अगुवा (लिड) विद्यालय विकास कार्यक्रममा छनौट भएका र हुने अगुवा (लिड) विद्यालयहरुको हकमा मात्र लागु हुने छ ।

## परिच्छेद-२

## परिभाषा

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा-

**अगुवा (लिड) विद्यालय** भन्नाले: अगवा (लिड) विद्यालय व्यवस्थापन निर्देशिका, २०८० बमोजिम छनौट भएका वा हुने विद्यालय सम्झनु पर्दछ ।

**विद्यालय व्यवस्थापन समिति** भन्नालेः प्रचलित शिक्षा ऐन बमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ।

**प्रदेश** भन्नाले: गण्डकी प्रदेशलाई सम्झनु पर्दछ।

**मन्त्रालय** भन्नाले: प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

**स्थानीय तह** भन्नाले: गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्दछ।

**प्रधानाध्यापक** भन्नाले: (विद्यालयको प्रशासकीय तथा व्यवस्थापकीय प्रमुखको रुपमा काम गर्ने गरी तोकिएको शिक्षकलाई) सम्झनु पर्दछ।

**दरवन्दी** भन्नाले: नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी स्वीकृत दरवन्दी, राहत र अनुदान कोटालाई सम्झनु पर्दछ।

## परिच्छेद-३

## अगुवा (लिड) विद्यालय छनौटका आधार र शर्तहरु

### ३.१ अगुवा (लिड) विद्यालय छनौटका न्यूनतम आधारहरुः

यो निर्देशिकामा उल्लेख भए अनुसारको प्रक्रिया तथा मापदण्डका आधारमा अगुवा (लिड) विद्यालय विकास गर्न विद्यालय छनौटका लागि निम्न पूर्वाधार हुनुपर्नेछ।

क. प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म सञ्चालन भएको माध्यमिक विद्यालय हुनुपर्नेछ।

ख. अगुवा (लिड) विद्यालयमा हुनुपर्ने शैक्षिक र भौतिक पूर्वाधारहरुको विकास गर्नका लागि विद्यालयको हाताभित्र वा १ किलोमिटरको दुरी भित्र हिमाली भेग भए १५ रोपनी, पहाडी भेगमा भए २० रोपनी, तराई भएमा ३ बिघा जग्गा हुनुपर्नेछ।

ग. यदि विद्यालयको आफ्नै स्वामित्वको जग्गा नभएमा त्यस्ता विद्यालयका लागि भोगाधिकारको प्रमाणित कागजात पेश गर्नुपर्नेछ ।

घ. विद्यालयको भौगोलिक अवस्थिति बाढी, पहिरो, भुक्षय लगायत प्राकृतिक प्रकोपका दृष्टिले जोखिमरहित स्थानमा नरहेको हुनुपर्नेछ। यसका लागि स्थानीय तहले प्राविधिकको प्रतिवेदन र स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय समावेश गर्नुपर्नेछ।

ङ. विद्यालय छनौट हुनका लागि माथि उल्लेखित आधारहरुका अतिरिक्त देहाय बमोजिमका शर्तहरु पूरा गरेको हुनुपर्नेछः

१. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन भई क्रियाशिल रहेको,

२. विद्यालयले नियमानुसार सामाजिक परिक्षण र अन्तिम लेखा परिक्षण वार्षिक रुपमा तोकिएकै समयमा सम्पन्न गरेको,

३. एकिकृत शैक्षिक सुचना प्रणालीमा विद्यालयको तथ्याङ्क भर्ने र अध्यावधिक गर्ने गरेको ।

## परिच्छेद-४

## अगुवा (लिड) विद्यालय छनौट प्रक्रिया

### ४.१ छनौट प्रकृयाः

४.१.१ लिड विद्यालय छनौटका लागि देहाय बमोजिमका प्रकृयाहरु अपनाइनेछ ।

क. मन्त्रालयले सार्वजनिक सूचना मार्फत स्थानीय तहरुसँग प्रस्ताव आव्हान गर्ने छ ।

४.१.२ दफा ४.१.१. **(क)** बमोजिमको सूचनाका आधारमा स्थानीय तहहरुले विद्यालयहरुसँग प्रस्ताव माग गर्नुपर्नेछ । लिड विद्यालयका लागि इच्छुक न्युनतम् मापदण्ड पुगेका विद्यालयले अनुसुची १ को ढाँचामा सम्वन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछ।

क. स्थानीय तहले विद्यालयहरुबाट प्राप्त प्रस्तावहरुलाई अध्ययन गरी अधिकतम् विद्यार्थी लाभान्वित हुने र स्थानीय तहका अन्य विद्यालयका लागि पनि पायक पर्ने विद्यालय छनौट र विकासका लागि कार्यपालिकाको निर्णय सहित अनुसची २ वमोजिम निवेदन तोकिएको समय भित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

ख. सम्बन्धित स्थानीय तह आफूले छनोट एवम् सिफारिस गरेको विद्यालय मन्त्रालयवाट छनोट भएमा अगुवा (लिड) विद्यालय विकास र सञ्चालनका लागि कुल लागतको कम्तीमा ३० प्रतिशत रकम साझेदारी गर्ने अनुसुची ३ वमोजिमको ढाँचामा प्रतिबद्धता पेश गर्नुपर्नेछ।

ग. नेपाल सरकारले स्वीकृत गरेको दरबन्दी कम्तीमा बालविकास केन्द्रका लागि १, आधारभुत तह (कक्षा १-५ का) लागि ३ वटा, आधारभुत तह (कक्षा ६-८ का) लागि ४ वटा, माध्यमिक तह (कक्षा ९-१०) सम्मका लागि ५ वटा र माध्यमिक तह (कक्षा ११-१२) का लागि २ वटा हुनु पर्नेछ।

घ. माध्यमिक तह (११ -१२) मा विज्ञान विषय संचालन भएका विद्यालयहरुलाई छनौटमा प्राथमिकता दिन सकिनेछ।

ङ. दफा ४.१.१. **(क)** अनुसार पेश हुने प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटका लागि मन्त्रालय समक्ष सिफारिस गर्नका लागि प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसुची ४ वमोजिम हुनेछन् र प्रस्ताव मुल्याङकनका लागि देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछ।

अ. मन्त्रालयको शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक
आ. शिक्षा विकास निर्देशनालयको महानिर्देशकले तोकेको उपसचिव - सदस्य
इ. मन्त्रालयको प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य
ई. शिक्षा विकास तथा समन्वय इकाइ कास्कीको अधिकृतस्तरको प्रतिनिधि, कास्की— सदस्य
उ. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अधिकृतस्तरको प्रतिनिधि- सदस्य
ऊ. गण्डकी प्रदेश नीति तथा योजना आयोगको अधिकृतस्तरको प्रतिनिधि - सदस्य
ऋ. मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

ऌ. शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखाको अधिकृत- सदस्य सचिव
समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञ आमन्त्रण गर्न सकिनेछ।

४.१.३ दफा ४.१.२.ङ बमोजिमको समितिको सिफारिसमा मन्त्रालयले विद्यालय छनौट गर्नेछ।

४.१.४ मन्त्रालयले छनौट गरेका विद्यालय र सम्वन्धित स्थानीय तहसँग अनूसुचि ५ को ढाँचामा समझदारी गरि सो वमोजिम अगुवा (लिड) विद्यालय विकास कार्यक्रम कार्यान्वयन गरिनेछ ।

## परिच्छेद -५

## अगुवा (लिड) विद्यालयमा विकास गरिने शैक्षिक एवम् भौतिक पूर्वाधारहरु

अगुवा (लिड) विद्यालयका रुपमा छनौट भईसकेपछि देहायका शैक्षिक एवम् भौतिक पूर्वाधारहरु विकास भएको हुनुपर्नेछः

५. **अगुवा (लिड)** विद्यालयमा **विकास गरिने** शैक्षिक एवम् भौतिक पूर्वाधारहरु देहाय बमोजिम हुनेछन्:

**५.१ शैक्षिक पूर्वाधारहरुः अगुवा (लिड)** विद्यालयको व्यवस्थापन सुधारका लागि आवश्यक शैक्षिक पूर्वाधारहरु देहाय बमोजिम हुने गरी विकास गर्नुपर्नेछः

क. विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने सबै तह विषय र विशेष आवश्यकता भएका बालबालिकाका लागि समेत तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नुपर्नेछ।

ख. नविनतम विधि र प्रविधिमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको सुनिश्चिता गर्नुपर्नेछ ।

ग. स्थानीय विषयको पाठ्यक्रमका आधारमा पाठ्यसामग्री निर्माण एवम् प्रयोग भएको हुनुपर्नेछ ।

घ. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग भएको हुनुपर्नेछ ।

ङ. विद्यार्थी र शिक्षकका लागि प्रत्येक वर्ष अध्ययन अवलोकन भ्रमणको व्यवस्था गर्नुपर्नेछ ।

च. विद्यालयको आफ्नो वेवसाइट र विद्युतीय सामाजिक सञ्जाल हुनुपर्नेछ भने सम्पूर्ण गतिविधिहरु वेवसाइट मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

छ. विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन।

ज. विविध प्रक्रियावाट विद्यार्थी मूल्याङ्कन, उपलब्धि विष्लेक्षण एवम् अभिभावकलाई जानकारी।

झ. शिक्षक, विद्यार्थीद्धारा निर्मित/ सिर्जित सामाग्रि प्रदर्शन एवम् प्रकासन।

ञ. अन्य विद्यालयहरुका लागि ज्ञान, सुचना, सीप एवम् असल अभ्यास प्राप्तिको स्रोतकेन्द्रको रुपमा विकास गर्नु पर्नेछ।

**५.२ भौतिक पूर्वाधारहरुः अगुवा (लिड)** विद्यालयका लागि आवश्यक भौतिक पूर्वाधारहरु देहाय बमोजिम हुने गरी विकास गर्नुपर्नेछः

**क. कक्षाकोठाः** विद्यालयका कक्षाकोठा ऐन नियमले तोके बमोजिमका साईज एंवम् बालमैत्री, अपाङ्गता भएका बालबालिका मैत्री, विपद् प्रतिरोधात्मक, आधुनिक शिक्षण पद्धती अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिने गरी व्यवस्थित हुनुपर्नेछ । बालविकास शिक्षाका इनडोर आउटडोर खेलका लागि प्रर्याप्त खेल सामग्री सहितको कक्ष व्यवस्थापन हुनु पर्नेछ ।

**ख. प्रशासनिक कक्षः** विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक, शिक्षक एवम् कर्मचारीका लागि कार्यकक्ष सहितको प्रशासनिक कक्षको व्यवस्था हुनुपर्नेछ ।

**ग. विद्यालय अन्तरसम्बन्ध व्यवस्थापन इकाइः** विद्यालयमा अन्तरसम्बन्ध व्यवस्थापन इकाइ गठन गरी स्थानीय तह, अन्य विद्यालय, अभिभावक, शिक्षा प्रेमी व्यक्तिहरु, उद्योगी व्यावसायी, परम्परागत सीप भएका व्यक्तिहरु लगायतसँग अन्तरसम्बन्ध कायम गर्नुपर्नेछ । अन्तरसम्बन्ध व्यवस्थापन इकाइले स्थानीय तहसँग समन्वय गरी स्थानीय तह भित्रका अन्य विद्यालयका लागि पनि सहयोग पुऱ्याउनु पर्नेछ ।

**घ. परीक्षा शाखाः** विद्यालयमा सञ्चालन हुने सम्पूर्ण प्रकारका परीक्षा एवम् स्थानीय तहभित्र सञ्चालन हुने परीक्षासँग सम्बन्धित कार्यहरुमा प्राविधिक सहयोग पुऱ्याउने गरी काम गर्नका लागि परीक्षा शाखाको व्यवस्था हुनुपर्नेछ ।

**ङ. विषयगत समिति गठन र परिचालन** : विद्यालयका शैक्षिक शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि विभिन्न विषयगत समितिहरु गठन गरी क्रियाशील गराउनु पर्नेछ ।

**च. विपद् व्यवस्थापन इकाइः विद्यालयमा** विपद् व्यवस्थान गर्नका लागि एक इकाइ स्थापना गर्नुपर्नेछ । उक्त इकाइ अन्तरगत रही रेडक्रस, स्काउट जस्ता समितिहरु परिचालन गर्नुपर्नेछ ।

**छ. आवासीय सुविधाः** विद्यालयको सेवा क्षेत्र र सम्भावित विद्यार्थी सङ्ख्यालाई आधार मानी कम्तीमा (२५ प्रतिशत) विद्यार्थी अट्न सक्ने गरी छात्र छात्राका लागि छुट्टा छुट्टै आवासीय सुविधा उपलव्ध हुनुपर्नेछ।

**ज. पुस्तकालयः** (सवै तह वालवालिका र शिक्षकका) लागि आवश्यक सिकाइ सामग्रीहरु र भौतिक संरचना हुने गरी पुस्तकालय सञ्चालन हुनुपर्नेछ भने पुस्तकालयलाई ५ वर्ष भित्रमा ई- लर्निङ सञ्चालन हुने गरी विकास गर्नुपर्नेछ ।

**झ. प्रयोगशालाः** विज्ञान, प्राविधिक तथा व्यावसायिक शिक्षा, गणित, सामाजिक विषयका लागि छुट्टाछुट्टै प्रयोगशाला हुनु पर्नेछ भने नवप्रवर्तनसँग सम्बन्धित सामग्री एवम् उपकरण सहितको STEM ल्याब सञ्चालन गर्नुपर्नेछ ।

**ञ. विद्यालय संग्रहालयः** भुगोल, भौगर्भिक वस्तुहरु, ईतिहास, कला, धर्म, संस्कृति, भेषभुषा, जीवनशैली, परम्परागत प्रविधि जस्ता परिवेश झल्कने गरी संग्रहालयको विकास गर्नुपर्नेछ भने संग्रहालयले गण्डकी प्रदेशको प्रतिबिम्ब देखाउने हुनु पर्छ भने पाठ्यक्रमका उद्देश्यहरु पूरा गर्न सक्ने गरी सामग्रीहरु व्यवस्था गरी नियमित अध्यावधिक गर्ने व्यवस्था मिलाउनु सक्नेछ ।

**ट. प्राथमिक उपचार तथा परामर्श कक्षः** प्राथमिक उपचार र अभिभावक र विद्यार्थीका लागि आवश्यकता अनुसार परामर्श सेवा उपलव्ध गराउनका लागि स्टाफ नर्स र आवश्यक सामग्री सहितको परामर्श कक्ष सञ्चालन गर्नुपर्नेछ ।

**ठ. व्यावसायिक कार्याशाला कक्षः** स्थानीय परिवेश र परम्परागत सीप विकासका अवसरहरु प्रदान गर्नका लागि सामग्री एवम् उपकरण सहितको व्यावसायिक कार्यशाला कक्ष स्थापना गरी सञ्चालन गर्नु पर्नेछ।

**ड. खानेपानी र सरसफाइको व्यवस्था :** दैनिक प्रयोगका लागि विविध उपाय अवलम्बन गरी शुद्ध खानेपानीको व्यवस्था र सरसफाइका लागि विविध उपायहरुको अवलम्बन गर्नुपर्नेछ। महिला, पुरूष अपाङ्गता भएकाहरुका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नुपर्नेछ ।

**ढ. चमेना गृहः** विद्यालय हाताभित्र एक पटकमा एक सय जनाले प्रयोग गर्न सक्ने गरी चमेनागृह सञ्चालन गर्नुपर्नेछ ।आवासीय विद्यार्थी र विद्यालय दिवा खाजा खाने विद्यार्थीका लागि समेत स्थानीय उत्पादनको प्रयोग गरी स्वच्छ खाना, खाजा खान पाउने सुनिश्चित हुने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

**ण. घेराबार तथा बगैंचाः** विद्यालयको हातामा सुरक्षित, बालमैत्री र वातावरणमैत्री घेराबार हुनुपर्नेछ । विद्यालयको सौन्दर्यताका लागि हरित विद्यालय विकास हुने गरी विद्यालय घेराबार र बगैंचा विकास गर्नुपर्नेछ । स्थानीय हावापानी अनुकुल हुने गरी विशेष गरी बहुवर्षीय प्रकृतिका बाली बिरुवा लगाउनु पर्नेछ ।

**त. खेल मैदानः** सम्पूर्ण विद्यार्थी एकैसाथ विद्यालय प्रार्थना गर्न पुग्ने र फुटबल खेल खेल्न मिल्ने उपयुक्त खालको खेलमैदान हुनु पर्नेछ ।

**थ. वैकल्पिक विद्युतीय व्यवस्थाः** विद्यालयका सम्पूर्ण विद्युतिय उपकरणहरु एकैसाथ प्रयोग गर्न मिल्ने गरी वैकल्पिक उर्जा प्रणालीको व्यवस्था गर्नुपर्नेछ ।

**द. विद्यालय बसः** विद्यालयको सेवा क्षेत्र र विद्यार्थीको माग एंवम् आवश्यकताका आधारमा विद्यालय बस सञ्चालन गर्नुपर्नेछ ।

**ध. सिक्दै कमाउँदै गतिविधि/कार्यक्रम सञ्चालनका लागि कार्यस्थलः** सिक्दै कमाउँदै प्रकृतिका गतिविधि/कार्यक्रमहरु सञ्चालनका लागि कम्तीमा ५ रोपनी जग्गा उपलव्ध हुनुपर्नेछ । विद्यालयको स्वामित्वमा तोकिए बमोजिमको जग्गा उपलव्ध नभएको भए सम्बन्धित स्थानीय तहले उक्त विद्यालयलाई विद्यालय परिसर देखि बढीमा ३० मिनेटको पैदल दुरीभित्र उक्त प्रकृतिको जग्गा भोगचलन गर्ने गरी व्यवस्था मिलाउनुपर्नेछ ।

## ५.३ लिड विद्यालयका लागि आवश्यक सुशासनका पक्षहरुः

क. विद्यालयले विद्यालय विकास तथा व्यवस्थापनका लागि गुरुयोजना तयार गरी लागु गर्नुपर्नेछ ।

ख. विद्यालयका सबै संरचनाहरु बालमैत्री, अपाङ्गमैंत्री हुनु पर्दछ ।

ग. विद्यालयका प्रधानाध्यापक र शिक्षक कर्मचारीहरुको नतिजामा आधारित कार्य सम्पादन करार गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

घ. विद्यालयका शैक्षिक गतिविधिहरुको बारेमा अभिभावक र सरोकारवालाहरुले जानकारी हासिल गर्नका लागि आवश्यक व्यवस्था मिलाई पारदर्शीता, जवाफदेहीता र सुशासनको सुनिश्चिता गर्नुपर्दछ ।

ङ. विद्यालय सञ्चालन तथा व्यवस्थापन विनियमावली निर्माण गरी स्थानीय तहबाट स्वीकृत गराई लागु गर्नुपर्नेछ ।

च. विद्यालयले कानून बमोजिम सामाजिक परिक्षण र लेखा परिक्षण गर्नुपर्नेछ ।

छ. कार्य सम्पादन करारमा आधारित रही प्रधानाध्यापक, शिक्षक र कर्मचारीलाई वार्षिक रुपमा प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

ज. विद्यालयले अनुसूची-६ बमोजिमका समिति र इकाइहरु गठन गरी परिचालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

झ. विद्यालय सौन्दर्यीकरण एवम् विपद् व्यवस्थापनको योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्नेछ ।

ञ. विद्यालयका सबै आर्थिक कारोबारहरु अनलाईन भुक्तानीमा आधारित हुने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-६

## विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि समिति गठन

६. अगुवा (लिड) विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका समितिहरु गठन गरिनेछः

**६.१ प्रदेश निर्देशक समितिः** अगुवा (लिड) विद्यालय विकास, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नीतिगत व्यवस्थाका लागि आवश्यक मार्गदर्शन गर्ने लगायतका कार्यहरुका लागि मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति रहनेछः

१. प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयको मन्त्री- अध्यक्ष
२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयको सचिव- सदस्य
३. आर्थिक मामिला मन्त्रालयको सचिव- सदस्य
४. प्रदेश नीति तथा योजना आयोगको सचिव-सदस्य
५. मन्त्रालयले मनोनयन गरेको स्थानीय तहको प्रमुख/अध्यक्षहरु मध्येबाट २ जना - सदस्य
६. शिक्षा विकास निर्देशनालयको महानिर्देशक- सदस्य
७. शिक्षा विकास तथा समन्वय इकाइ, कास्कीको प्रमुख - सदस्य
८. स्थानीय तहका शिक्षा हेर्ने महाशाखा/शाखा प्रमुखहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेको १ जना- सदस्य
९. माध्यमिक तह सञ्चालित विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको १ जना - सदस्य
१०. प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयको सचिव- सदस्य सचिव

समितिले बैठकमा नमुना विद्यालय, अगुवा (लिड) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक वा अन्य शिक्षा क्षेत्रका विज्ञहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

**६.२ अगुवा (लिड) विद्यालय निर्देशक समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछः**

क. **अगुवा** (लिड) विद्यालय विकास, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नीतिगत व्यवस्थाका लागि आवश्यक मार्गदर्शन गर्ने ।

ख. **अगुवा** (लिड) विद्यालय विकास मापदण्ड/ समयानुकुल बनाउन आवश्यकता अनुसार परिमार्जन गर्ने।

ग. **अगुवा** (लिड) विद्यालय व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिमका पूर्वाधारहरु विकासका लागि आवश्यक स्रोत व्यवस्था गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने ।

घ. **अगुवा** (लिड) विद्यालयलाई व्यवस्थित रुपमा सञ्चालनका लागि सम्बन्धित तह र विद्यालयहरुलाई आवश्यक सहजीकरण गर्ने।

**६.३ अगुवा** (लिड) **विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा स्थानीय तहको जिम्मेवारी देहाय बमोजिम हुनेछः**

क. आफ्नो क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरु मध्येबाट लिड विद्यालय विकासका लागि विद्यालयको प्राथमिकता तोकी लिड विद्यालय विकास सम्बन्धी प्रस्ताव मन्त्रालयमा पेश गर्ने।

ख. विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत पहिचान र परिचालनमा सहयोग पुऱ्याउने।

ग. सेवा क्षेत्र भित्रका गरिब, असहाय, अपाङ्गता भएका बालबालिकाका लागि आवासीय सुविधा सुनिश्चित गरी विद्यालय बाहिर बालबालिका नरहेको सुनिश्चित गर्न सेवा क्षेत्र भित्रका सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्य र समन्वय गर्ने।

घ. विद्यालयमा उपयुक्त प्रविधि र जनशक्तिको व्यवस्थापन गरी सूचना तथा प्रविधि केन्द्र सञ्चालन गरी अनलाईन र अफलाईन मोडका पाठ्यसामग्रीहरु उत्पादन गर्न स्रोत व्यवस्थापन गर्न सहयोग पुर्याउने,

ङ. स्थानीय तह स्तरीय विविध प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था मिलाउने।

च. विद्यालयको गुरुयोजना निर्माण गर्न लगाई स्वीकृत गर्ने, गुरुयोजना बमोजिम नियमित बजेट व्यवस्था गर्ने।

छ. गुरुयोजना बमोजिम विद्यालय विकास गर्न विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकसँग करार सम्झौता गर्ने।

ज. विद्यालयमा गठन हुने विभिन्न समितिहरुलाई क्रियाशिल बनाई राख्ने।

झ. नियमित सुपरिवेक्षण गरी व्यवस्थापकीय र प्राविधिक पक्षमा आवश्यक सहयोग पुऱ्याउने।

ञ. शिक्षक एवम् कर्मचारीहरुको क्षमता विकास कार्यक्रम विकास गरी कार्यान्वयन गर्ने, थप क्षमता विकास गर्नुपर्ने शिक्षकहरुको विवरण तयार गरी शिक्षा तालिम केन्द्र समक्ष सिफारिस गर्ने।

ट. विद्यालय र उद्योगहरुबीच सम्झौता गरी प्रयोगात्मक अभ्यासका लागि स्रोत व्यवस्था गर्ने ।

ठ. साधन स्रोतको खोजी एंवम् व्यवस्था, निरीक्षण, अनुगमन र सुधारका लागि सुझाव आदानप्रदान, लिड विद्यालयसँग अन्य विद्यालयहरुको अन्तरक्रिया असल अभ्यास अनुकरणका लागि प्रचार प्रसारको लागि समन्वय गर्ने।

ड. **अगुवा** (लिड) विद्यालयको समग्र वार्षिक गतिविधि सम्बन्धमा कार्यपालिकामा छलफल र सुधारका लागि निर्देशन गर्ने।

**६.४ विद्यालय व्यवस्थापन समितिको जिम्मेवारीः** प्रचलित शिक्षा ऐन नियममा तोकिएका जिम्मेवारीका साथै विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क. विद्यालय विकासका लागि गुरुयोजना तयार गरी स्वीकृतीका लागि स्थानीय तहमा पेश गर्ने ।

ख. विद्यालयको स्वः मूल्याङ्कन गरी सुधार योजना निर्माण एवम् कार्यान्वयन गर्ने ।

ग. विद्यालयका लागि निर्धारित शैक्षिक एवम् भौतिक पूर्वाधारहरुको विकासका लागि आवश्यक कार्य गर्ने।

घ. सञ्चालित नमुना विद्यालय, **अगुवा** (लिड) विद्यालय र अन्य विद्यालयहरुका असल अभ्यासहरुको अध्ययन अवलोकन गर्ने व्यवस्था मिलाउने ।

ङ. विद्यालय विकास तथा शैक्षिक गुणस्तर अभिबृद्धिका लागि अनुसुची-५ बमोजिमका विभिन्न समितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्ने ।

च. विद्यालयमा आवास सञ्चालन गरी गरिब, विपन्न, असहाय, अपाङ्गता एवम् आवासीय सुविधा आवस्यक भएका बालबालिकालाई आवासीय सुविधा प्रदान गर्ने ।

छ. विद्यालय स्वास्थ्य कार्यक्रम र प्राथमिक उपचारको व्यवस्था गर्ने ।

ज. समाजमा रहेका अग्रज, रोजगारदाता र सीप हासिल गरेका व्यक्ति एवम् संस्थाका प्रतिनिधिहरुको विवरण तयार गरी विद्यालयका गतिविधिहरुमा नियमित संलग्न गराउने साथै पाठ्यक्रममा समावेश भएका क्रियाकलापहरु सञ्चालनमा सहभागी हुने व्यवस्था मिलाउने ।

झ. अभिभावक शिक्षा/टोल शिक्षा/सामाजिक सशक्तिकरण जस्ता अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने।

ञ. विद्यालयलाई नविनतम शिक्षण विधि, नवप्रवर्तनात्मक शिक्षक तालिम, अभिभावक शिक्षा, जिवनोपयोगी सीपहरु र विद्यार्थी प्रतिभा पहिचानका कार्यक्रमहरु संचालन गर्ने गराउने।

ट. विद्यालयको समग्र क्षेत्रको अवस्था अध्ययन,विश्लेषण तथा सामाजिक परिक्षण गरी सरोकारवालाहरुको विद्यालयप्रति सकारात्मक सोचको विकास गर्ने।

ठ. विद्यार्थी भर्ना, छात्रवृतिका लागि विद्यार्थी छनौट र आवासिय विद्यार्थी छनौटका लागि आवश्यक व्यवस्था मिलाउने।

**६.५ आवासका लागि विद्यार्थी छनौट एंवम् छात्रवृति व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्न विद्यालयले देहाय बमोजिमको एक समिति गठन गरी कार्य गर्नु पर्नेछः**

१. विद्यालय व्यवस्थापन समितिले मनोनयन गरेको माध्यमिक तहको स्थायी शिक्षक- संयोजक

२. स्थानीय तहको शिक्षा युवा तथा खेलकुद शाखाको प्रतिनिधि- सदस्य

३. विद्यालय व्यवस्थापन समितिले मनोनयन गरेको आधारभूत तहको शिक्षक १ जना- सदस्य सचिव समितिले बैठक सञ्चालन सम्वन्धी कार्यविधि आफै निर्माण गर्न सक्नेछ।
समितिले आवस्यकता अनुसार विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एवम् विद्यालयका प्रधानाध्यापकलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद-७

## पाठ्यक्रम सम्बन्धी व्यवस्था

७. **अगुवा** (लिड) विद्यालयले देहाय बमोजिमको पाठ्यक्रम प्रयोग गर्नुपर्नेछ ।

क. नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र राष्ट्रिय पाठ्यक्रम प्रारुपमा व्यवस्था भए बमोजिमका बहु विषय अध्ययनका लागि आवश्यक व्यवस्था मिलाई विषय समूहबाट छनौटको अवसर प्रदान गर्नुपर्नेछ ।

ख. प्रदेश सरकारले स्वीकृत गरेको माध्यमिक तहको अतिरिक्त विषयको पाठ्यक्रमका आधारमा थप पठनपाठन र प्रयोगात्मक अभ्यासको अवसर प्रदान गर्नुपर्नेछ ।

ग. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालन भएका विद्यालयहरुसँग समन्वय गरी प्रयोगात्मक अभ्यासका लागि उपयुक्त विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याबको विकास गर्नुका साथै सिक्दै कमाउँदै प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।

घ. **अगुवा** (लिड) विद्यालयले विद्यार्थी र अभिभावकको सहभागितामा उत्पादन ईकाईको रुपमा काम गर्नुपर्नेछ।

ङ. उत्पादन इकाईको रुपमा काम गर्नका लागि **अगुवा** (लिड) विद्यालयले आवश्यक परेमा लिजमा जग्गा लिई उत्पादनका कार्यक्रमहरु संचालन गर्न सक्नेछ।

च. विद्यार्थीहरुमा अन्तरिहित क्षमताका प्रस्फुटनका लागि नवप्रवर्तनात्मक विद्यार्थी प्रतिभा पहिचानका कार्यक्रमहरु संचालन गर्नुपर्नेछ।

## परिच्छेन -८

### ८.१ प्रधानाध्यापकको काम कर्तव्य र अधिकार

प्रचलित शिक्षा ऐन तथा नियमावलीमा तोकिएको काम कर्तव्य र अधिकारका अतिरिक्त प्रधानाध्यापकका देहायका काम, कर्तव्य र अधिकार हुने छन्:

क. विद्यालयको स्वः मूल्याङ्कन गरी गराई विद्यालय सुधार योजना र वार्षिक बजेट तथा कार्यक्रम तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने ।

ख. विभिन्न उपसमितिहरू, विषय प्रमुखहरू, सहायक प्रधानाध्यापक लगायत सरोकारवाला निकायहरूबिच समन्वय गरी विद्यालय व्यवस्थापन समितिलाई नियमित जानकारी गराउने ।

ग. विद्यालय छात्रावास सञ्चालन रेखदेख र व्यवस्थापनको प्रबन्ध मिलाउने ।

घ. सम्भावित जोखिमहरूको पहिचान गरी न्यूनीकरणका लागि क्रियाशील रहने ।

ङ. विद्यालयको समग्र पक्षको अनुगमन योजना बनाई नियमित अनुगमन गर्ने गराउने ।

च. विद्यालयका शिक्षक तथा कर्मचारीहरूको सक्षमता अभिवृद्धिका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

छ. विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग कार्यसम्पादन करार गरी सोको मूल्याङ्कनका आधारमा प्रोत्साहन गर्ने ।

ज. विद्यालयको लागि खरिद योजना निर्माण तथा खरिद एकाई गठन गरी कार्यान्वयन गर्ने गराउने ।

झ. प्रचलित ऐन, नियम निर्देशिका तथा विद्यालय विनियमावलीमा भएका प्रावधानहरूको कार्यान्वयनको सुनिश्चितता गर्ने ।

ञ. विद्यालयलाई समुदाय, अभिभावक, विद्यार्थी र अन्य विद्यालयको सिकाई केन्द्रको रुपमा विकास गर्ने।

## ८.२ प्रधानाध्यापक र शिक्षकसँग कार्यसम्पादन करारः

क. समग्र व्यवस्थापन र सिकाइ उपलव्धी प्रक्षेपण सहितको नतिजा सूचकका आधारमा विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको प्रमुख/अध्यक्षको रोहबरमा प्रधानाध्यापकसँग कार्य सम्पादन करार गरी कार्य सम्पादनको आधार बनाउनु पर्नेछ भने प्रधानाध्यापकले सिकाइ उपलव्धी बृद्धि प्रक्षेपण सहितको नतिजा सूचकका आधारमा शिक्षकसँग कार्यसम्पादन करार गरी कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउनुपर्नेछ।

ख. प्रधानाध्यापकको व्यवस्थापकीय क्षमता र विद्यालयको सिकाइ उपलव्धिस्तर लगातार दुई वर्षसम्म बृद्धि भएको कुरा प्रमाणित भएमा प्रोत्साहनका कार्यक्रम राख्न सक्ने र विद्यालयको विशेष कार्यक्रमको अवसर पारी पुरस्कृत गर्ने व्यवस्था मिलाउनुपर्नेछ भने प्रधानाध्यापको व्यवस्थापकीय क्षमता र विद्यालयको सिकाइ उपलव्धीस्तर बृद्धि नभएमा नेतृत्व क्षमता विकासको अवसर प्रदान गर्ने र तीन वर्षमा पनि उपलव्धिस्तर बृद्धि नभएमा नेतृत्वबाट हटाउनुपर्नेछ ।

ग. शिक्षकको कार्यसम्पादन करारमा उल्लेख भए बमोजिम सिकाइ उपलव्धी गत २ वर्षको उपलव्धीमा बृद्धि भएमा प्रधानाध्यापकको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले उक्त उपलव्धीलाई आधार मानी प्रत्येक वर्ष अनिवार्य रुपमा शिक्षा दिवस/विद्यालयको वार्षिक उत्सवका अवसरमा उत्कृष्ट शिक्षक पुरस्कृत गर्ने व्यवस्था मिलाउनु पर्नेछ। यसरी शिक्षक पुरस्कृत गर्दा तहगत रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

घ. शिक्षकको सिकाई उपलब्धिस्तर गत २ वर्षको तुलनामा बृद्धि नभएमा निजको क्षमता विकासका लागि अवसर प्रदान गर्ने । यसरी अवसर दिँदा पनि सुधार नभए विभागीय कारवाहीका लागि प्रधानाध्यापकले व्यवस्थापन समितिमा सिफारिस गर्न सक्नेछ र सो को जानकारी सम्बन्धित स्थानीय तहलाई दिनुपर्नेछ।

**८.३ क्षमता विकास सम्बन्धी व्यवस्थाः**

विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीको पेशागत सक्षमता विकासका लागि विद्यालय, स्थानीय तह र प्रदेश सरकारले स्रोत व्यवस्था गर्नुपर्नेछ। विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र प्रशासनिक कर्मचारीका लागि छुट्टाछुट्टै प्रकृतिको क्षमता विकासका प्याकेजहरु प्रदेश सरकारले निर्माण गरी लागु गर्नुपर्नेछ।

**८.४ विद्यालय उपलव्धीको मापनः**

क. विद्यालयको उपलव्धी मापनका लागि प्रदेश सरकारबाट स्वीकृत स्तरीकरण सूचकका आधारमा स्वः मूल्याङ्कन गर्ने र उक्त मूल्याङ्कन सार्वजनिक गरिसके पश्चात स्थानीय तहले उक्त उपलव्धीको पुनः Verification गरी स्तर निर्धारण गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

ख. स्तरीकरण सूचकका आधारमा कमजोर नतिजा भएका विद्यालयलाई थप सहायता उपलव्ध गराउनु सम्बन्धित स्थानीय तहका साथै प्रदेश सरकारले थप अनुदान उपलव्ध गराउन सक्नेछ।

## परिच्छेद - ९

## आर्थिक व्यवस्थापन

**९. कोष सञ्चालन व्यवस्था**

९.१ प्रचलित शिक्षा ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसारको विद्यालय कोष हुने छ । लिड विद्यालय सञ्चालनका लागि प्राप्त हुने सबै प्रकारका रकम उक्त कोषमा जम्मा हुने छन् । विद्यालयलाई प्राप्त हुने ससर्त अनुदानहरू तोकिएको शीर्षकमा तथा निसर्त अनुदानहरू विद्यालयले कार्यविधि बनाई शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार खर्च गर्नु पर्नेछ । कोषको सञ्चालन प्रधानाध्यापक तथा विद्यालयको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ । कोषको लेखापरीक्षण प्रचलित कानुनमा व्यवस्था भए अनुसार हुने छ।

**९.२ विद्यालय कोषमा देहायबमोजिमका रकम जम्मा हुनेछन् :**

**९.२.१ सरकारी अनुदान**

**अगुवा** (लिड) विद्यालयहरूलाई विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तह र प्रदेश सरकारले देहायको प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछः

क) ससर्त अनुदान

ख) कार्यसम्पादनमा आधारित अनुदान

ग) गुरुयोजना कार्यान्वयनका लागि दिइने अनुदान

घ) एकमुष्ठ अनुदान

ङ) विविध अनुदान

### ९.२.२ आन्तरिक स्रोत

क) अभिभावकबाट प्राप्त हुने सहयोग

ख) होस्टेल सञ्चालनवाट प्राप्त रकम

ग) आयमूलक कार्यक्रम सञ्चालनबाट प्राप्त आम्दानी

घ) विद्यालयको अन्य स्रोतवाट हुने आम्दानी

## परिच्छेद-१०

## विविध

१०.१ विद्यालयले आवश्यकतानुसार आर्थिक व्यवस्थापन, शिक्षक व्यवस्थापन, शैक्षणिक क्रियाकलाप व्यवस्थापन र छात्रावास व्यवस्थापन लगायतका विषयमा विनियम बनाई कार्यान्वयन गर्नुपर्नेछ ।

१०.२ प्रचलित शिक्षा ऐन तथा नियमावलीसँग बाझिएका प्रावधानहरूको हकमा उक्त ऐन तथा नियमावली बमोजिम नै हुने छ ।

### १०.३ विभागीय कारबाही

प्रचलित शिक्षा ऐन तथा नियमावली र यस निर्देशिकामा उल्लेख भएअनुसारको व्यवस्था विद्यालयले पालना नगरेमा सम्बन्धित पदाधिकारीलाई शिक्षा ऐन तथा नियमावली बमोजिम नै विभागीय कारबाही हुनेछ भने प्रदेश सरकारबाट लिड विद्यालयको सूचीबाट हटाई अनुदान रोक्का गर्नेछ।

### १०.४ खारेजी र वचाउ

क) यस निर्देशिकामा लेखिएका विषयमा प्रचलित कानूनसँग बाझिएको हदसम्म खारेज हुनेछ र कुनै दुविधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ।

## अनुसुची-१

## अगुवा (लिड) विद्यालय विकासका लागि विद्यालयले दिने निवेदनको ढाँचा

श्री ......................................महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका /गाऊँपालिका

**विषयः लिड विद्यालयका छनौट सम्बन्धमा।**

प्रस्तुत विषयमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशको मिति……………………..मा प्रकाशित सूचना एवम् विद्यालय व्यवस्थापन समितिको मिति २०८०/ / को निर्णय अनुसार यस विद्यालयलाई **अगुवा** (लिड) विद्यालयका रुपमा विकासका लागि छनौट गरी मन्त्रालय समक्ष सिफारिस गरिपाउ भनी विद्यालयको निर्णय र अन्य आवश्यक कागजात संलग्न गरी देहायबमोजिमका विवरण सहित निवेदन पेश गरिएको छ ।

**विद्यालयको विवरणः**

१. विद्यालयको नामः

२. ठेगानाः

वडा नं. टोलः

प्र.अ.को नामः सम्पर्क नम्बर

इमेल ठेगाना

४. सञ्चालित कक्षाः...........देखि.............सम्म

५. विद्यालयको अन्य विवरण

| क्रस | सूचक | विवरण |
|---|---|---|
| १ | विद्यालयको जग्गाको जग्गा सम्बन्धि विवरण | क) तराई (........विघा............कट्ठा.........धुर)<br>ख) पहाड र हिमाल (........रोपनी........आना.......पैसा......दाम) |
| २ | विद्यार्थी संख्या | चालु शैक्षिक सत्र (२०८.....) को विद्यार्थी संख्या<br>क) प्रारम्भिक वालविकासको विद्यार्थी संख्या.........<br>ख) आधारभूत तह कक्षा (१-८) को विद्यार्थी संख्या........<br>ग) माध्यमिक तह कक्षा (९-१०) को विद्यार्थी संख्या .........<br>घ) माध्यमिक तह कक्षा (११-१२) को विद्यार्थी संख्या.........<br>जम्मा सङ्ख्याः ............ |
| ३ | विगत तीन वर्षको SEE को नतिजा (गेड बद्धि परीक्षा सहित) | (see table below) |

| विवरण | शैक्षिक वर्ष | शैक्षिक वर्ष | शैक्षिक वर्ष |
|---|---|---|---|
| सम्मिलित संख्या | | | |
| उतिर्ण ( GPA१.६ वा सो भन्दा बढी प्राप्त गर्नेको संख्या) | | | |

<table>
<tr><th>क्रस</th><th>सूचक</th><th>विवरण</th></tr>
<tr><td></td><td></td><td>नोटः SEE परीक्षाका विद्यार्थीको उत्तीर्ण प्रतिशत गणना गर्दा १.६ वा सो भन्दा बढी GPA प्राप्त गर्ने विद्यार्थीहरुको प्रतिशतलाई आधार मान्ने।</td></tr>
<tr><td>४</td><td>विद्युत र इन्टरनेटको पहुँच</td><td>क) पर्याप्त विद्युत आपुर्तिको व्यवस्था भएको, नभएको .......<br>ख) विद्यालयमा वैकल्पिक उर्जाको प्रबन्ध भएको, नभएको....<br>ग) विद्यालमा ईन्टरनेटको पहुँच भएको, नभएको............</td></tr>
<tr><td>५</td><td>उपयुक्त सभाहल</td><td>क) ......जना सम्मका लागि कार्यक्रम सञ्चालनका लागि<br>ख) .......जना सम्मका लागि कार्यक्रम सञ्चालनका लागि</td></tr>
<tr><td>६</td><td>प्रयोगशाला स्थापना र सञ्चालन</td><td>क) विज्ञान प्रयोगशाला मात्र भएको<br>ख) विज्ञान प्रयोगशाला र सूचना प्रविधि (कम्प्युटर) प्रयोगशाला भएको<br>ग) विज्ञान, गणित, सूचना प्रविधि प्रयोगशाला भएको<br>घ) STEM Lab स्थापना एवम् सञ्चालनमा रहेको<br>ङ) माध्यमिक तहका अनिवार्य सबै विषयका लागि विषयगत प्रयोगशालाहरु रहेको</td></tr>
<tr><td>७</td><td>यातायातको पहुच</td><td>क) विद्यालय सम्म पुग्न पक्की वा कच्ची सडक भइ हलुका सवारी साधन र ट्याक्टर मात्र पुग्न सक्ने<br>ख) पक्की वा कच्ची सडक भई ठुला गाडी एवम् मालवाहक गाडी जान सक्ने<br>ग) सडक पहुच नभएको।</td></tr>
<tr><td>८</td><td>विद्यालय गाभिने अवस्था</td><td>चालु शैक्षिक सत्रमा गाभिएका विद्यालयहरुको विवरण
<table>
<tr><th>क्रस</th><th>विद्यालयको नाम</th><th>ठेगाना</th><th>सञ्चालित कक्षा</th><th>चालु शै.स. को जम्मा विद्यार्थी संख्या</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>९</td><td>शिक्षक दरवन्दी विवरण</td><td>प्रारम्भिक वालविकास ........<br>आधारभूत तह (कक्षा १ – ८).........<br>मा. वि. (कक्षा ९- १०)..........<br>मा. वि. (११ -१२)..............<br>कुल जम्मा....................जना</td></tr>
</table>

**९ लिड विद्यालयको रुपमा विकास पश्चात गाभिने संभावित विद्यालय विवरण**

| क स | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**विवरण प्रमाणित गर्ने**

प्र.अ.को
नाम
हस्ताक्षर

वि.व्य.स.अध्यक्षको
नामः
हस्ताक्षरः

अनुसुची-२

अगुवा (लिड) विद्यालय विकासका लागि स्थानीय तहले पेश गर्ने प्रस्तावको ढाँचा

श्री ................................................... मन्त्रालय
गण्डकी प्रदेश, पोखरा ।

**विषयः लिड विद्यालय छनौट सम्बन्धमा।**

प्रस्तुत विषयमा ............................ मन्त्रालय गण्डकी प्रदेशको मिति…………………..मा प्रकाशित सूचना अनुसार यस महानगरपालिका/उपमहामहानगरपालिका/नगरपालिका/गाँउपालिका अन्तरगत सञ्चालित………………….. माध्यमिक विद्यालयलाई लिड विद्यालयका रुपमा विकासका लागि छनौट गर्न कार्यपालिकाको मिति २०…/…. /…. को निर्णय प्रतिलिपी एवम् आवश्यक अन्य कागजातहरु संलग्न राखी देहाय बमोजिमका विवरण सहित सिफारिस गरिएको छ ।

**विद्यालयको विवरणः**

विद्यालयको नाम: ठेगाना:
टोल:
वि.व्य.स.अध्यक्षको नाम: सम्पर्क नं.:
प्र.अ.को नामः सम्पर्क नं. :
इमेल ठेगाना:

६. सञ्चालित कक्षाः...........देखि.............सम्म

७. विद्यालयको विवरण

| क्रस | सूचक | विवरण |
|---|---|---|
| १ | विद्यालयको जग्गाको जग्गा सम्बन्धि विवरण | क) तराई (........विघा............कट्ठा.........धुर)<br>ख) पहाड र हिमाल (........रोपनी........आना.......पैसा......दाम) |
| २ | विद्यार्थी संख्या | चालु शैक्षिक सत्र (२०८.....) को विद्यार्थी संख्या<br>ङ) प्रारम्भिक वालविकासको विद्यार्थी संख्या.........<br>च) आधारभूत तह कक्षा (१-८) को विद्यार्थी संख्या........<br>छ) माध्यमिक तह कक्षा (९-१०) को विद्यार्थी संख्या .........<br>ज) माध्यमिक तह कक्षा (११-१२) को विद्यार्थी संख्या.........<br>जम्मा सङ्ख्याः ............जना |
| ३ | विगत तीन वर्षको SEE को नतिजा (पुरक परीक्षा सहित) | (see table below) |

| विवरण | शैक्षिक वर्ष | शैक्षिक वर्ष | शैक्षिक वर्ष |
|---|---|---|---|
| सम्मिलित संख्या | | | |
| GPA१.६ वा सो भन्दा बढी प्राप्त गर्नेको संख्या | | | |

| क्रस | सूचक | विवरण |
|---|---|---|
| | | नोटः SEE परीक्षाका विद्यार्थीको उत्तीर्ण प्रतिशत गणना गर्दा GPA १.६ वा सो भन्दा माथि प्राप्त गर्ने विद्यार्थीहरुको प्रतिशितलाई आधार मान्ने । |
| ४ | विद्युत र इन्टरनेटको पहुँच | क) पर्याप्त विद्युत आपुर्तिको व्यवस्था भएको, नभएको .......<br>ख) विद्यालयमा वैकल्पिक उर्जाको प्रबन्ध भएको, नभएको....<br>ग) विद्यालयमा ईन्टरनेटको पहुँच भएको, नभएको............ |
| ५ | सभाहल | ग) विद्यालयका ५० प्रतिशत विद्यार्थी, शिक्षक, वि. व्य. स. वसी कार्यक्रम सञ्चालन गर्न मिल्ने<br>घ) विद्यालयका सवै विद्यार्थी, शिक्षक, वि. व्य. स. संख्याको २५ प्रतिसत सम्म वसी कार्यक्रम सञ्चालन गर्न मिल्ने<br>ङ) सो भन्दा कम क्षमता भएको |
| ६ | प्रयोगशाला स्थापना र सञ्चालन | च) विज्ञान प्रयोगशाला मात्र भएको<br>छ) विज्ञान प्रयोगशाला र सूचना प्रविधि (कम्प्युटर) प्रयोगशाला भएको<br>ज) विज्ञान, गणित, सूचना प्रविधि प्रयोगशाला भएको<br>झ) STEM Lab स्थापना एवम् सञ्चालनमा रहेको<br>ञ) माध्यमिक तहका अनिवार्य विषयका लागि विषयगत प्रयोगशालाहरु रहेको |
| ७ | विद्यालय पहुचको अवस्था | घ) विद्यालय सम्म पुग्न पक्की वा कच्ची सडक भइ हलुका सवारी साधन र ट्याक्टर मात्र पुग्न सक्ने<br>ङ) पक्की वा कच्ची सडक भई ठुला गाडी एवम् मालवाहक गाडी जान सक्ने<br>च) सडक पहुच नभएको। |
| ८ | विद्यालय गाभिने अवस्था | चालु शैक्षिक सत्रमा गाभिएका विद्यालयहरुको विवरण |

| क्रस | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | शै .स. को जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|---|
| | | | | |

**९ लिड विद्यालयको रुपमा विकास पश्चात गाभिने संभावित विद्यालय विवरण**

| क स | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**विवरण प्रमाणित गर्ने**

स्थानीय तहमा शिक्षा हेर्ने प्रमुख
नामः
हस्ताक्षर
मिति

स्थानीय तहको प्रमुख/अध्यक्ष
नामः
हस्ताक्षरः
मिति

अनुसुची ३

स्थानीय तहले मन्त्रालय समक्ष पेश गर्ने प्रतिवद्धताको ढाँचा

श्री ............................ मन्त्रालय
गण्डकी प्रदेश, पोखरा।

विषय:- प्रतिवद्धता सम्वन्धमा।

यस महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउपालिका अन्तरगत सञ्चालित श्री ................................................ माध्यमिक विद्यालय वार्ड नं ................. .............

अगवा (लिड) विद्यालयमा छनौट भएमा लिड विद्यालय व्यवस्थापन निर्देशिका, २०८० वमोजिम विद्यालयको भौतिक, शैक्षिक एवम् अन्य पूर्वाधार निर्माण तथा विकासका लागि लाग्ने कुल रकमको कम्तीमा ३० प्रतिशत रकम र आवश्यक पर्ने प्राविधिक लगायतका क्षेत्रमा समन्वय र सहकार्य गर्ने प्रतिवद्धता जाहेर गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख/अध्यक्ष महानगरपालिका/नगरपालिका/गाउपालिका

अनुसुची-४

## अगुवा (लिड) विद्यालय विकासका लागि प्रस्ताव मुल्याङ्कन एवम् विद्यालय छनौटका आधारहरु

| क्र.स. | सूचक | अंक भार | अंक प्रदान गर्ने आधारहरु |
|---|---|---|---|
| १ | जग्गाको पर्याप्तता | १० | अगुवा (लिड) विद्यालय विकास गर्नका लागि विद्यालय हाताभित्र वा हातासँग जोडिएको तराईमा भएमा न्यूनतम् ३(तीन) बिघा र हिमालमा १५(पन्ध्र) रोपनी पहाडी क्षेत्रमा न्यूनतम २० (विस) रोपनी जग्गा हुनु पर्नेछ ।<br>क) न्यूनतम् जग्गाका लागि- ५ अंक<br>ख) न्यूनतम् भन्दा बढी ५० प्रतिशत सम्मवढी भएमा- ८ अंक<br>ग) न्यूनतम् क्षेत्रफलमा ५० प्रतिशत भन्दा बढी भएमा - १० अंक |
| २ | चालु शैक्षिक सत्रको विद्यार्थी संख्या | १५ | **अ) पहाड र तराई भेगका विद्यालयको हकमा विद्यार्थी संख्या र सो बापत प्राप्त हुने अंक**<br>क) विद्यार्थी संख्या ५०० भएमा- ८ अंक<br>ख) विद्यार्थी संख्या ५०१-८०० सम्म भएमा- १० अंक<br>ग) विद्यार्थी संख्या ८०१ भन्दा बढी भएमा- १५ अंक<br>**आ) हिमाली भेगका विद्यालयको हकमा विद्यार्थी संख्या र सो बापत प्राप्त हुने अंक**<br>क) विद्यार्थी संख्या ३०० भएमा- ८ अंक<br>ख) विद्यार्थी संख्या ३०१-५०० सम्म भएमा- १० अंक<br>ग) विद्यार्थी संख्या ५०१ भन्दा बढी भएमा- १५ अंक |
| ३ | SEE को नतिजा | १५ | क) नतीजा गणना गर्दा नियमित र ग्रेडवृद्धि परीक्षा समेतमा उत्तीर्ण हुनेलाई आधार मानेर गर्ने ।<br>ख) विद्यालयले पछिल्ला तीन वर्षको औषतमा ४० जना विद्यार्थी SEE मा सहभागी गराएको हुनुपर्नेछ<br>ग) यस खण्डको अङ्क गणना गर्न तीन वर्षको उत्तीर्ण प्रतिशतलाई देहाएको सूत्र प्रयोग गरी औषत निकाल्ने (१५× पहिलो वर्षको SEE को उत्तीर्ण%+ १५×दोस्रो वर्षको SEE को उत्तिर्ण % + १५ ×तेस्रो वर्षको SEE को उत्तिर्ण %) लाई ३ ले भाग गर्ने<br>क) ४० देखि ६० प्रतिशत सम्म १० अंक |

| क्र.स. | सूचक | अंक भार | अंक प्रदान गर्ने आधारहरु |
|---|---|---|---|
| | | | ख) ६० देखि ८० प्रतिशतसम्म १२ अंक<br>ग) ८० र सो भन्दा बढी १५ अंक |
| ४ | सभाहलको क्षमता | १० | क) विद्यालयका ५० प्रतिसत विद्यार्थी, शिक्षक, वि. व्य. स. वसी कार्यक्रम सञ्चालन गर्न मिल्ने भएमा १० अंक<br>ख) विद्यालयका सवै विद्यार्थी, शिक्षक, वि. व्य. स. संख्याको २५ प्रतिसत सम्म वसी कार्यक्रम सञ्चालन गर्न मिल्ने भएमा ५ अंक<br>ग) सो भन्दा कम क्षमता भए ० अंक |
| ५ | प्रयोगशाला स्थापना र सञ्चालन | १० | क) विज्ञान प्रयोगशाला मात्र भएको -२ अंक<br>ख) विज्ञान प्रयोगशाला र सूचना प्रविधि (कम्प्युटर) प्रयोगशाला भएको- ४ अंक<br>ग) विज्ञान, गणित, सूचना प्रविधि प्रयोगशाला भएको- ६ अंक<br>घ) STEM Lab र सूचना प्रविधि प्रयोगशाला स्थापना एवम् सञ्चालनमा रहेको- ८ अंक<br>ङ) माध्यमिक तहका अनिवार्य सवै विषयका लागि विषयगत प्रयोगशालाहरु रहेको- १० अंक |
| ६ | विद्युत र इन्टरनेटको पहुँच भएको | १० | क) विद्युत आपुर्तिको व्यवस्था भएको वा वैकल्पिक उर्जाको प्रबन्ध र ईन्टरनेट सन्चालनको पहुँच पुगेको भएमा-१० अंक<br>क) विद्युतीकरण मात्र भएको भए-५ अंक |
| ६ | विद्यालयसम्म सडकको पहुच | १० | क) विद्यालयसम्म पुग्न पक्की वा कच्ची सडक भइ हलुका सवारी साधन र ट्याक्टर मात्र पुग्न सक्ने ५ अंक<br>ख) पक्की वा कच्ची सडक भई ठुला एवम् मालवाहक गाडी जान सक्ने भएमा-१० अंक<br>ग) सडक पहुच नभएमा ० । |
| ७ | नजिकै रहेको विद्यालय गाभिई सकेको वा लिड विद्यालयको रुपमा विकासका लागि छनोट भएमा गभिने | १० | क) लिड विद्यालयका लागि निवेदन पेश गरेको विद्यलय वाहेक कुनै दुई विद्यालयसम्म गाभिने भएमा- ५ अंक<br>ख) लिड विद्यालयका लागि निवेदन पेश गरेको विद्यलय वाहेक दुई भन्दा बढी विद्यालय गाभिने भएमा- १० अंक |

| क्र.स. | सूचक | अंक भार | अंक प्रदान गर्ने आधारहरु |
|---|---|---|---|
| | गरी वि.व्य.स./ अभिभावक भेलाले गाभिने गरी निर्णय पेश गरेको | | ग) गाभिने नभएमा ० अंक |
| ८ | अगुवा (लीड) विद्यालय विकास प्रस्ताव मुल्याङ्कन | १० | क) अति राम्रो १० अंक ख) राम्रो ८ अंक<br>ग) मध्यम ६ अंक घ) सामान्य ४ अंक |
| **कुल जम्मा** | | **१०० अंक** | |

नोट प्रस्ताव मुल्याङ्कन समितिले ५० प्रतिसत वा सो भन्दा वढी अंक प्राप्त गर्न सफल विद्यालयलाई योग्यता क्रम अनुसार स्थानीय तह नदोहोरिने गरी मुल्याङ्कन समितिले मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

**अनुसुची-५**

**प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालय, स्थानीय तह र छनौटमा परेका लिड विद्यालय बीच गरिने समझदारी पत्रको ढाँचा**

**गण्डकी प्रदेश सरकार**

**...................................मन्त्रालय**

**गण्डकी प्रदेश, पोखरा ।**

.......................... मन्त्रालय, गण्डकी प्रदेश पोखराको आ.व. ...मा छनौट भएको लिड विद्यालय विकास एवम् सञ्चालन गर्न.............. जिल्ला........................महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका/गाउपालिकामा सञ्चालित श्री ......................माध्यमिक विद्यालय.......................लाई .............................. मन्त्रालयबाट स्वीकृत लिड विद्यालय सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८० बमोजिम शैक्षिक, भौतिक एवम् अन्य पूर्वाधार विकास गरी लिड विद्यालय स्थापना एवम् संचालनमा ल्याउन .................................... मन्त्रालय, गण्डकी प्रदेश (यसपछि मन्त्रालय भनिनेछ), र...............जिल्ला........................महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका गाउँपालिका (यसपछि महानगरपालिका/ नगरपालिका/ भनिनेछ) र......................माध्यमिक विद्यालय तीन पक्षहरु बीच एक आपसमा निम्नानुसार सर्त बन्देज पालना गर्ने गरी कार्य सम्पन्न गर्न गराउन मञ्जुर भई यो सम्झौता गरिएको छ ।

**१) विवरण**

१.१ छनौट भएको लिड विद्यालयको नामः

१.२ ठेगानाः

१.३ उद्देश्यः

क. विद्यार्थी सङ्ख्या न्युन भएका विद्यालयकहरुको एकीकरण/सामायोजन गरी आधारभूत सबै सुविधा सहितको विद्यालय स्थापना गर्ने ।

ख. सामुदायिक विद्यालयहरुमा गुणस्तर र समतामुलक पहुँच अभिवृद्धि गर्ने ।

ग. विद्यालय छोड्ने र दोहऱ्याउने दर न्युनीकरण गर्ने ।

घ. विद्यालयहरुको व्यवस्थापकीय सक्षमतामा सुधार गरी शैक्षिक रुपान्तरणको गतिलाई तिब्रतता प्रदान गर्ने ।

१.४ अगुवा (लिड) विद्यालय विकास कार्यक्रम सुरु हुने मितिः २०.. साल......महिना.......गते देखि

१.५ लागत व्यहोर्ने निकायहरुः

क. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

ख. सम्बन्धीत स्थानीय तहः

ग. विद्यालयः

घ. संघसंस्थाहरु

ङ. अन्य स्रोत

१.६. लिड विद्यालय विकास गर्दा प्रति वर्ष लाभान्वित हुनेः

१. विद्यार्थी संख्याः छात्राः छात्रः जम्माः

२. आवासमा बसी अध्ययन गर्ने सम्भावित विद्यार्थी संख्याः

छात्राः छात्रः जम्माः

## २. पालना गर्नुपर्ने शर्तहरुः

### २.१ मन्त्रालयले पालना गर्ने शर्तहरु

क. सम्बन्धित स्थानीय तहले पेश गरेको कार्ययोजनाको आधारमा विद्यालय विकासका लागि साझेदारी गर्ने रकम स्वीकृत निर्देशिका आधारमा सम्बन्धित स्थानीय तहलाई उपलव्ध गराउने ।

ख. विद्यालयको शैक्षिक, भौतिक एवम् आर्थिक पक्षको विकासका लागि आवश्यक आर्थिक साधनका लागि प्रदेश सरकारसँग पहल गर्ने।

ग. विद्यालयमा कार्यरत जनशक्तिको क्षमता विकासको व्यवस्था मिलाउने।

घ. विद्यालयलाई शैक्षिक गन्तव्य एवम् अन्य विद्यालयहरुको सुधारका लागि अध्ययन तथा सीप विकास स्थलको रुपमा विकास गर्ने।

ङ. प्रदेशका अगुवा (लिड) विद्यालयहरु बीच विद्यालको विद्यमान अवस्था विष्लेषण,असल अभ्यासहरुको उत्पादन एवम् प्रवर्धन र उपलब्धि सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।

च. विद्यालयको शैक्षिक गुणस्तर सम्बन्धमा सम्बन्धित स्थानीय तहसँग छलफल/अन्तरक्रिया गर्ने।

छ. निर्देशक समितिले निर्दिष्ट गरे बमोजिम लिड विद्यालयहरुको विकास योजना निर्माण गर्ने।

ज. समय समयमा लिड विद्यालयहरुको अनुगमन निरीक्षण गरी सुधारका लागि निर्देशन दिने।

झ. प्रदेश अन्तरगतका लिड विद्यालयहरुको मुल्याङ्कन गरी उत्कृष्ट विद्यालयहरुलाई थप प्रोत्साहनको व्यवस्था गर्ने।

### २.२ स्थानीय तहले पालना गर्ने शर्तहरुः

क. निर्देशिकामा तोकिए बमोजिमका संरचनाहरु निर्माण गर्न विद्यालयका वर्तमान स्रोतसाधनको अधिकतम् परिचालन गर्ने गरी विद्यालय विकास/निर्माणको कार्ययोजना तयार गरी मन्त्रालयमा पेश गर्ने ।

ख. तोकिए बमोजिमका जनशक्तिहरु व्यवस्थापन, समितिहरु गठन गरी परिचालन गर्ने ।

ग. विद्यालयको नियमित अनुगमन, मूल्याङ्कन गर्ने, स्तर निर्धारण एवम् गुणस्तर सुधारका लागि आवश्यक कार्य गर्ने ।

घ. विद्यालयका समग्र गतिविधिहरु र शैक्षिक उपलव्धी विवरण समावेश भएको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष बैशाख महिनाभित्रमा मन्त्रालयमा पेश गर्ने ।

ङ. स्थानीय तहले आफ्नै जनशक्ति प्रयोग गरी विद्यालय विकासका लागि आवश्यक डिजाइन, लागत अनुमान र स्पेसिफिकेशन सहितको विस्तृत प्रतिवेदन तयार गरी नगर/गाउँ कार्यपालिकाको निर्णय गराई निर्णय भएको मितिले १५ दिनभित्र सोको एकप्रति मन्त्रालयमा पेश गर्ने । प्रतिवेदन तयार गर्दा बालमैत्री तथा अपाङ्गमैत्री भवनसंहिताको पालना गरी संरचना निर्माणलाई प्राथमिकता दिनुपर्नेछ ।

च. स्थानीय तहले स्वीकृत प्रस्तावका आधारमा प्रत्येक वर्ष आफूले लगानी गर्ने योगदानको हिस्साको विवरण चैत्र महिनाभित्र मन्त्रालयलाई उपलव्ध गराउने ।

छ. मन्त्रालयबाट उपलव्ध हुने स्रोत र आफ्नो योगदान हुने स्रोत सहित विद्यालयका लागि प्राप्त हुने सबै स्रोतसाधन परिचालन गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

ज. कार्यक्रम कार्यान्वयनका लागि संघीय सरकारबाट प्राप्त हुने सबै स्रोतको परिचालन गर्ने दायित्व स्थानीय तहको हुनेछ ।

झ. विद्यालय स्थापना र सञ्चालन व्यवस्थापन सम्बन्धी संघ, प्रदेश र स्थानीय तहबाट उपलव्ध हुने बजेट रकम एउटै शीर्षकमा दोहोरो नपर्ने गरी खर्च गर्ने ।

ञ. विद्यालय सम्बन्धमा परेका गुनासाहरुको समाधान गर्ने ।

ट. अगुवा (लिड) विद्यालय सञ्चालनका लागि मन्त्रालयबाट यो सम्झौता पश्चात दिइने नीति, निर्देशन पालना गर्ने ।

ठ. अगुवा (लिड) विद्यालय सञ्चालन तथा व्यवस्थापन निर्देशिकमा उल्लेख भएका सबै प्रकारका जिम्मेवारी र दायित्वहरु पुरा गर्ने ।

**२.३ विद्यालयले पालना गर्ने शर्तहरुः**

क) विद्यालयको सर्वपक्षीय विकासका लागि विभिन्न विषयगत समिति निर्माण र परिचालन गर्ने।

ख) विद्यालय विकासका लागि आवस्यक साधनस्रोतको खोजी गर्ने।

ग) विद्यालयको विविध विषयगत समितिले तयार गरेको त्रैमासिक प्रगति प्रतिवेदन सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पठाउने।

घ) निर्देशक समिति,मन्त्रालय,स्थानीय तह तथा अन्य तालुक कार्यालयले दिएको निर्देशन र सुझावहरु कार्यान्वयन गर्ने।

ङ) विद्यालयका गतिविधि सम्बन्धमा सरोकारवालाहरुसँग छलफल र अन्तरक्रिया गर्ने।

च) आफ्नो स्थानीय तह अन्तरगत सञ्चालित विद्यालयहरुमा कार्यरत जनशक्तिको पेशागत विकास एवम् शैक्षिक गुणस्तर बृद्धिका लागि कार्यक्रमहरु सञ्चालन गर्ने।

छ) विद्यालयको हातामा सवैले देख्ने गरी गण्डकी प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा सञ्चालित लिड विद्यालय उल्लेखित वोर्डको राख्नुपर्ने।

ज) प्रचलित ऐन, नियम बमोजिम विद्यालयको सामाजिक तथा लेखा परीक्षण गराउने।

**माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न मञ्जुर भई हस्ताक्षर गऱ्यौ ।**

| **................विद्यालयको तर्फबाट** | **...........स्थानीय तहको तर्फबाट** | **मन्त्रालयको तर्फबाट** |
|---|---|---|
| हस्ताक्षर | हस्ताक्षर | हस्ताक्षर |
| नाम थरः | नाम थरः | नाम थरः |
| पदः अध्यक्ष | पदः | पदः |
| मिति | मिति | मिति |

**रोहबरमा बस्नेको विवरण**

| **...............विद्यालयको तर्फबाट** | **.............स्थानीय तहको तर्फबाट** | **मन्त्रालयको तर्फबाट** |
|---|---|---|
| हस्ताक्षर | हस्ताक्षर | हस्ताक्षर |
| नाम थरः | नाम थरः | नाम थरः |
| पदः प्रधानाध्यापक | पदः | पदः |
| मिति | मिति | मिति |

## अनुसुची-६

## विद्यालयमा गठन हुने समितिहरु

१. सबै अनिवार्य विषयका विषयगत समितिहरु
२. अतिरिक्त क्रियाकलाप सञ्चालन समिति
३. विद्यालय अन्तर सम्बन्ध एवम् स्रोत व्यवस्थापन समिति
४. व्यावसायिक सीप विकास समिति
५. आवास व्यवस्थापन समिति
६. विद्यालय सौन्दर्यीकरण र विपद् व्यवस्थापन समिति
७. परिक्षा सञ्चालन व्यवस्थापन समिति
८. शैक्षिक गुणस्तर अभिबृद्धि समिति
९. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास समिति
१०. बालिका तथा समावेशी शिक्षा विकास समिति
११. विद्यालय योजना निर्माण समिति
१२. असल अभ्यास विकास तथा प्रबर्धन समिति

स्थानीय तह र विद्यालयको आवश्यकता अनुसार विद्यालयले थप समितिहरु गठन गर्न सक्नेछ।